REGIONAL NEWS
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS
18:40 hrs 15.09.2024

## CM- Demazong Pangtoed: Social Media

आज मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले देमाजोङ पाङतेका सदस्यहरूसँग भेट गर्नुभयो, जसले पाङ्ते छामको समृद्ध परम्परालाई पुनर्जीवित मात्र गरेका छैनन् तर दृढतासाथ संरक्षण पनि गरेका छन्। यो पाङते छाम पवित्र अनुष्ठानिक नृत्य हो जुन गान्तोकको प्रतिष्ठित शाही गुम्पा चुख्लाखाङ दरबारमा वार्षिक रूपमा मनाइने पाङ लाब्सोलमा प्रस्तुत गरिन्छ। मुख्यमन्त्रीले यी सदस्यहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दै, यी बहुमूल्य परम्पराहरूको संरक्षणमा उनीहरूले गरेको प्रयासको गहिरो प्रशंसा गर्नुभयो र आगामी दिनका सबै प्रयासमा सफलताको कामना गर्नुभयो।

## CM Meeting with Chief Sec: CM Facebook

हिजो मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले मुख्य सचिव श्री भीभी पाठक अनि पर्यटन विभाग, भवन तथा आवास विभाग, समाज कल्याण विभाग, ग्रामीण विकास विभाग र भूमि राजस्व विभागका विभागीय प्रमुख र अधिकारीहरूसँग मिन्तोग्याङमा सम्पन्न बैठकको अध्यक्षता गर्नुभयो। बैठकमा नाथुलाको पूर्वाधार विकास, प्रतिष्ठित पर्यटन केन्द्रदेखि वैश्विक स्तरको विकास, नाम्लीस्थित कञ्चनजङ्गा अत्याधुनिक सम्मेलन केन्द्र, गान्तोकमा ५०० शैय्याको कामदार महिला छात्रावास, मुख्यमन्त्री पुनर्वास आवास योजना लगायतका विभिन्न विकास परियोजनाको रूपरेखा प्रस्तुत गरिएको थियो। यी प्रत्येक परियोजनाहरूले पूर्वाधार सुधार, पर्यटन प्रवर्धन, कामदार महिलाहरूप्रति सहयोग, र आवास आवश्यकताको समाधानप्रति प्रतिबद्धता जनाउँछन्। यी सबै परियोजनाले यस क्षेत्रको विकास र यहाँका बासिन्दाहरूको जीवनको समग्र गुणस्तर विकासमा योगदान पुऱ्याउँछन्। प्रस्तुतीकरणहरूको समीक्षा गरिएपछि, मुख्यमन्त्री श्री तामाङले सिक्किमको सौन्दर्यशास्त्र र डिजाइन सिद्धान्तहरूलाई परियोजनाहरूमा समेट्न सुझाव दिनुभयो। साथै, उहाँले यस क्षेत्रको सम्पदासँग तालमेल मिलाउन र यसको पहिचान बढाउन स्थानीय सांस्कृतिक तत्व र परम्परागत आकृतिहरूलाई समावेश गर्नुपर्नेमा पनि जोड दिनुभयो।

## VICE PRESIDENT - DIGITAL TOWER: NSD

उपराष्ट्रिपति श्री जगदीप धनखरले विद्यार्थीहरूलाई सरकारी नोकरीमा मात्र नभई प्रविधिमा पाइने अवसरहरू खोज्न अपिल गर्दै, डिजिटल टावरजस्ता पूर्वाधार यस्ता अवसरहरूको प्रवेशद्वार भएको बताउनुभयो। उपराष्ट्रपतिले नागपुरको रामदेव बाबा विश्वविद्यालयमा डिजिटल टावरको उद्घाटन गरेपछि आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो। 12 तले डिजिटल टावरमा कम्प्युटर विज्ञान र इन्जिनियरिङका आवश्यकताहरू पूरा गर्न आधुनिक प्रविधिले सुसज्जित डिजिटल कक्षाहरू छन्। उहाँले आर्टिफिसियल इन्टेलिजेन्स, मेसिन लर्निङ र ब्लकचेनजस्ता अत्याधुनिक प्रविधिहरूबारे बताउँदै, यी प्रविधिहरू चुनौती र अवसर दुवै हुन् र विद्यार्थीहरूले यी चुनौतीहरूलाई अवसरमा परिणत गर्नुपर्ने बताउनुभयो। उहाँले क्वान्टम कम्प्युटिङ र ग्रीन हाइड्रोजन मिसन जस्ता प्रविधि गेम चेन्जर हुने बताउनुभयो। सो अवसरमा उपराष्ट्रपतिले विश्वविद्यालय क्याम्पसमा 'एक पेड म ा ँ के नाम' अभियानअन्तर्गत बिरूवा पनि रोप्नुभयो।

## Gyalsing- Milk Production: KN Sharma

आज मानेबुङ-देन्ताम निर्वाचन क्षेत्रको सोम दूध संकलन केन्द्रमा बल्क मिल्क कुलर शेड-को उद्घाटन गरियो। यस पहलले क्षेत्रीय दूध उत्पादकहरूलाई आफ्नो दूध सुरक्षित रूपमा भण्डारण गर्न र बजारमा उच्च गुणस्तरका दूध पुऱ्याउन ठूलो योगदान गर्नेछ। साथै, दुग्ध उत्पादकहरूले यस सुविधाबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने र स्थानीय किसानहरूलाई गुणस्तरीय दूध उत्पादनमा प्रोत्साहित गर्दै, उनीहरूको आर्थिक स्तरमा सकारात्मक परिवर्तन ल्याउने पनि अपेक्षा गरिएको छ।

## Body Building Sikkim: Social Media

भारतीय बडी बिल्डर्स फेडरेशनले आज गान्तोकको मनन केन्द्रमा पहिलो नर्थ ईस्ट बडी बिल्डिङ एण्ड फिजिक च्याम्पियनशिप 2024 प्रस्तुत गऱ्यो। यो च्याम्पियनशीप बडी बिल्डर्स एसोसिएशन अभ सिक्किम नर्थ ईस्ट बडी बिल्डर एसोसिएसनले आयोजना गरेको हो। कार्यक्रममा बुर्तुक समष्टीका विधायक श्रीमती कला राई मुख्य अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो।

## Mangan-Football: Wangchuk Bhutia

त्यसै गरी, 155 औँ गान्धी जयन्ती समारोह खुल्ला फुटबल प्रतियोगिताको उद्घाटन समारोह आज मङ्गन जिल्लाको टिबुक निम्न माध्यमिक विद्यालयमा सुरु भयो। कार्यक्रममा वनमन्त्री एवं जङ्गुका क्षेत्रीय विधायक श्री पिन्सो नामग्याल लेप्चा उपस्थित हुनुहुन्थ्यो।

Don Bosco School-Under-14: Social Media

साथै, सोरेङ जिल्ला अन्तर्गत मालबाँसेस्थित डन बस्को स्कूललाई CISCE अन्डर-14 भलिबल प्रतियोगितामा सिक्किमको प्रतिनिधित्व गर्न चयन गरिएको छ। प्रतियोगिता आगामी सेप्टेम्बर 20 देखि 25 सम्म तमिलनाडुको कोइम्बटोरमा सम्पन्न हुनेछ। खेलाडीहरू सेप्टेम्बर 19 मा तमिलनाडु प्रस्थान गर्नेछन्।